मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

सूचना

हाम्रो चाहना
लागूऔषधरहीत, स्वस्थ र सुखी जीवनको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २६ ◆ अङ्क : २१८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असार १८ गते शुक्रवार (Friday, July 2. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




**खाद्यान्न लिन जानका लागि याक तयारी गर्दै:** समुन्द्र समतहदेखि चार हजार ४०० मिटर उचाईमा रहेको ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–७ याङमा गाउँबाट चीनले राहत दिएको खाद्यान्न लिन टिप्ताला नाका जानका लागि याक तयारी गर्दै । हिमाली क्षेत्रमा याकमार्फत ढुवानी गर्दै आएको छ । **तस्वीर : दिलकुमार लिम्बु/रासस**

# कोरोना निको हुने दर ९३%

**झापा, असार १७।** पछिल्लो २४ घण्टामा थप दुई हजार ७६० जनामा कोरोना भाइरस सङक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सो अबधिमा सात हजार १३० जनाको पिसिआर तथा तीन हजार ८५५ जनाको एन्टिजेन परीक्षण गरिएकोमा क्रमश: एक हजार ८५७ र ९०३ जनामा कोरोना पुष्टि भएको हो ।

सोही अबधिमा देशभर ३३ सङ्क्रमितको मृत्यु भएको मन्त्रालयले जनाएको छ । हालसम्म नौहजार हजार १४५ जना सङ्क्रमितको मृत्यु भएको छ ।

त्यस्तै सोही अबधिमा देशभर चार हजार १७ जना उपचारपछि निको भइ घर फर्किएका छन् । सङ्क्रमण निको हुने दर ९३ दशमलव ७ प्रतिशत रहेको छ । हालसम्म ६ लाख १४९ जना सङ्क्रमित निको भइसकेको मन्त्रालयले जनाएको छ ।



**प्रदेश १ मा ५५५ संक्रमणमुक्त**

प्रदेश १ मा विहीवार ५५५ जना कोरोना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा २५१ महिला र ३०४ पुरुष रहेका छन् । हालसम्म कोरोना संक्रमणमुक्त हुनेको संख्या ६३ हजार ७४३ पुगेको छ ।

प्रदेश १ मा आज ४७८ जना कोरोना संक्रमित थपिएका छन् । झापामा १४३, सुनसरीमा १३९, मोरङमा ९७, ताप्लेजुङमा १०, इलाममा ७, उदयपुर र धनकुटामा ६-६, तेह्रथुममा ३, संखुवासभामा २, ओखलढुङ्गा, भोजपुर र खोटाङमा १-१ र प्रदेश १ बाहिरका ३९ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

झापाको विर्तामोडमा ५४, कनकाईमा २१, दमकमा १६, भद्रपुरमा १५, मेचीनगरमा ११, अर्जुनधारामा १०, शिवसताक्षीमा ८, झापा गाउँपालिकामा २, कचनकवल, गौरादह र कमल गाउँपालिकामा १-१ र स्थानीय तह तखुलेका ३, सुनसरीको धरानमा ८२, इटहरीमा ३३, रामधुनीमा ७, बराहक्षेत्रमा ६, गढीमा ३, दुहवी र इनरुवामा २-२ र स्थानीय तह नखुलेका ४, मोरङको सुन्दरहरैचामा ३१, विराटनगरमा २८, केराबारीमा १२, पथरीशनिश्चरेमा ९, बेलबारीमा ५, मिक्लाजुङमा ३, उर्लाबारी र कटहरीमा २-२, बुढीगंगा, ग्रामथान, रंगेली, लेटाङ र स्थानीय तह नखुलेका १-१ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरि ताप्लेजुङको मिक्वाखोलामा ५, मैवाखोलामा ३, फक्ताङलुङमा २, इलामको देउमाईमा ३, इलाम नगरपालिकामा २, माई र चुलाचुलीमा १-१, उदयपुरको त्रियुगामा ३, बेलका, चौदण्डीगढी र स्थानीय तह नखुलेका १-१, धनकुटाको धनकुटा नगरपालिकामा ३, पाखिवास, शहिदभूमी र स्थानीय तह नखुलको १-१, तेन्हथुमको म्याङलुङमा २ र स्थानीय तह नखुलको १, संखुवासभाको खाँदबारीमा २, ओखलढुङ्गामा १, भोजपुरको भोजपुर नगरपालिकामा १ र खोटाङको हलेसी तुवाचुङमा १ र प्रदेश १ बाहिरका ३९ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेश १ मा कोरोना संक्रमितको संख्या ७२ हजार १४७ पुगेको छ । सक्रिय संक्रमित ७ हजार १६१ रहेको छ । प्रदेश १ मा आज १ हजार ३५९ जनाको पीसीआर परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये २०८ महिला र २७० पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

## क्यानडामा गर्मीबाट २३० जनाको मृत्यु

**क्यानडा, असार १७।** क्यानडामा अत्यधिक गर्मीका कारण पछिल्ला केही दिनमा आएको तातो हावामा परेर कम्तीमा पनि २३० जनाको मृत्यु भएको छ ।

क्यानडाका अधिकारीहरुले दिएको जानकारी अनुसार क्यानडाको तापक्रम अहिलेसम्मकै सबैभन्दा उच्च विन्दुमा पुगेको छ । यस तापक्रमका कारण तातो हावा चलिरहेको बताइएको छ । यसैकारण ती नागरिकको मृत्यु भएको हो । यहाँका विभिन्न स्वास्थ्य समस्यासँग जुधिरहेका वृद्ध मानिसहरुलाई यो तातो हावाले बढी असर गरेको छ । मृत्यु हुनेमा धेरैजसो तिनै नागरिकहरु परेका बताइएको छ ।

क्यानडाको खासगरी ब्रिटिश कोलम्बिया प्रान्तका नागरिक बढी प्रभावित भएका छन् । जसका कारण यहाँका नागरिकमा विभिन्न स्वास्थ्य समस्याहरु पनि देखिएको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन् । प्राप्त समाचार अनुसार मंगलबार मात्र

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोनाले थप ३३ जनाको मृत्यु

**झापा, असार १७।** नेपालमा थप २,७६० जनामा कोरोनाभाइरस सङ्क्रमण र ३३ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीवार बताएको छ ।

पछिल्लो २४ घण्टामा १०,९८५ जनाको परीक्षण गर्दा त्यति सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयको तथ्याङ्क छ। तीमध्ये ३,८५५ परीक्षण एन्टिजन विधिबाट गरिएको हो। कुल परीक्षणको २५ प्रतिशतमा सङ्क्रमण देखिएको हो। सो अवधिमा ४,०१७ जना सङ्क्रमणमुक्त भएपछि निको भएका सङ्क्रमित ९३.७ प्रतिशत पुगेका छन् ।

यससँगै नेपालमा सङ्क्रमितको कूल सङ्ख्या झन्डै छ लाख ७६ हजार पुगेको छ भने मृतकको सङ्ख्या ९,१४५ पुगेको छ। अहिले कुल २८,३७४ जनामा सक्रिय सङ्क्रमण रहेको र तीमध्ये २,९९४ जना संस्थागत आइसोलेशनमा रहेका छन् । बिहीवार पुष्टि भएका कूल सङ्क्रमितमध्ये ४१९ जना काठमाडौं उपत्यकामा रहेका छन् ।

अहिले देशभरिका १७ जिल्लामा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित छन् भने थप २७ जिल्लामा २०० भन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् । सङ्क्रमितको सङ्ख्या घटेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## रोटरी क्लव बिर्तामोडको अध्यक्षमा उद्योगी गट्टानी



**नवीन गट्टानी**

**झापा, असार १७ ।** रोटरी क्लव अफ बिर्तामोडको अध्यक्षमा नवीन गट्टानी चयन भएका छन् ।

अर्जुनधारा निवासी युवा उद्योगीका रुपमा परिचित गट्टानी सन् २०२१/०२२का लागि अध्यक्षमा चयन भएका हुन् ।

क्लवको आईपीपीमा निर्मल भट्टराई रहेका छन् भने सेक्रेटरीमा सञ्जीव घिमिरे, प्रेसिडेन्ट इलेक्टमा ओमकृष्ण विमली, प्रोसिडेन्ट नोमिनीमा ववित गिरी, भोइस प्रेसिडेन्मा सुरेशकुमार अग्रवाल भद्रपुरे, ट्रेजररमा आमोद आचार्य रहेका छन् ।

त्यस्तै क्लव एड्मिनिस्ट्रेसनमा निकिता गिरी, डाइरेक्टर रोटरी फाउण्डेशनमा राजकुमार पोखरेल, डाइरेक्टर मेम्वरसिपमा प्रकाश शिवाकोटी, सर्भिस प्रोजेक्टमा सुरेश वंशल, युथ सर्भिसमा विनोद वस्नेत , पव्लिक इमेजमा मिनप्रकाश मैनाली सरजेन्ट अफ आम्समा आशा चटौत आचार्य, क्लव मेम्वरमा जीतेन्द्र बस्नेत, क्वल ट्रेनरमा कुमार गिरी रहेका छन् ।

रोटरी ब्लव अफ बिर्तामोडले झापाका विभिन्न सामुदायिक विद्यालयमा शुद्ध पिउने पानीका लागि वाटर फिल्टर प्रोजेक्ट, अपाङ्ग छात्रामैत्री शौचालय, मेची प्रादेशिक अस्पताललाई पीसीआर परीक्षण गर्ने, मेसिन, इलाका प्रहरी कार्यालय अनारमनी र जिल्ला ट्राफिक प्रहरी कार्यालय तथा बिर्तामोड नगरपालिकालाई कोभिडबाट बच्नका लागि स्वास्थ्य सामग्रीसहितका उपकरण बितरण गरेको थियो ।

## रोटरी क्लव मिडटाउन बिर्तामोडमा एक्सेलका सीईओ पोखरेल



**दिनेश पोखरेल**

**झापा, असार १७ ।** रोटरी क्लब बिर्तामोड मिडटाउनको सन २०२१ /०२२ को अध्यक्षमा दिनेशकुमार पोखरेल चयन भएका छन् ।

पोखरेल एक्सेल बैंकका सिइओ हुन् । त्यसैगरी क्लवको आईपीपीमा भेषराज भण्डारी 'प्रशान्त' छन् भने प्रेसिडेन्ट इलेक्टमा सुमन शर्मा जमरकट्टेल, प्रेसिडेन्ट नोमिनीमा सिद्धार्थ नवीन उप्रेती, सेक्रेटरीमा गजेन्द्रबहादुर पौडेल, ज्वाइन्ट सेक्रेटरीमा पुष्पाञ्जली सिन्हा ठकुरी, ट्रेजररमा राजीव जैन, टिच कोर्डिनेटरमा शरद जोशी ,आइटी अफिसरमा रोशन बुढाथोकी, सर्जेन्ट एट आम्समा शारदा रिजाल र जीपी पाण्डे, क्लब एडिटरमा लक्ष्मण अग्रवाल, क्लब मेन्टरमा होमबहादुर कार्की, ट्रेनिङ कोअर्डिनेटरमा मिनु शिवाकोटी, क्लब एडमिनिष्ट्रेशन चेयरमा मनोज अग्रवाल, मेम्वरसीप डाइरेक्टरमा जगत शर्मा, पब्लिक रिलेशन डाइरेक्टरमा सिजर राजभण्डारी, सर्भिस प्रोजेक्ट चेयरमा राजेन्द्र अग्रवाल रहेका छन् ।

त्यस्तै टीआरएफ चेयरमा उदिम न्यौपाने, युथ सर्भिस कोअर्डिनेटरमा गायत्री सुवेदी, रोट्र्याक्ट कोअर्डिनेटरमा प्रियंका शर्मा, इन्टर्याक कोअर्डिनेटरमा विवेक कोइराला, इनरह्वील कोअर्डिनेटरमा अर्पना घिमिरे चयन भएका छन् ।

त्यस्तै १२ जना क्लब डाइरेक्टरहरु छानिएका छन् । रोटरी क्लव अफ बिर्तामोड मिडटाउनले सन् २०२० मा एकका लागि एक अभियानसँगको सहकार्यमा

*(बाँकी अन्तिम पृष्ठमा)*

दमक नगरपालिकाको बजेट

## 'निरोगी शहर' देखि 'मनमोहन भत्ता' सम्म

**दमक, असार १७।** प्रधानमन्त्री केपी शर्मा ओलीको गृहनगर दमकलाई स्वास्थ्य, शिक्षा, कृषि र पर्यटन विकासका दृष्टिले मुलुककै नमूना बनाउने नीति तथा योजना अघि सारिएको छ । नगरको वर्तमान जनप्रतिनिधिको कार्यकालको अन्तिम बजेट भएको हुँदा यसअघिका सबै अधुरा विकासे परियोजना नयाँ आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्यका साथ विकास निर्माणका बजेट विनियोजन गरिएका छन् ।

**निरोगी शहर दमक**

दमक नगरपालिकाले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा बजेटमा नगरलाई 'निरोगी शहर' बनाउने प्रण गरिएको छ । २५ शय्यामा सञ्चालन भइरहेको दमक अस्पताललाई आगामी आवमा ५० शय्यामा विस्तार गरिने र त्यसको सञ्चालनमा लाग्ने रु. ११ करोड नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने नगर उपप्रमुख गीता अधिकारीले बताइन् ।

कोभिड-१९ को सङ्क्रमणबाट नगरवासीलाई जोगाउन विपद् व्यवस्थापन कोषमा रु. दुई करोड ५० लाख बजेट छुट्याइएको र अग्रपङ्क्तिमा रही काम गर्दै आएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सुविधा र प्रोत्साहन दिइने बजेटमा उल्लेख छ । घरमै सुत्केरी गराउने कार्य शून्यमा पुऱ्याउने लक्ष्य लिएर सुत्केरीलाई अस्पताल पुऱ्याउन नि:शुल्क एम्बुलेन्सको व्यवस्था नगरपालिकाले मिलाउने भएको छ । अशक्त र ज्येष्ठ नागरिकलाई आधारभूत स्वास्थ्य सेवा घरघरमै पुऱ्याइने जनाइएको छ ।

महिलाको पाठेघर र स्तन क्यान्सर परीक्षणका लागि नि:शुल्क व्यवस्था मिलाइएको र विपन्न, दलित तथा आदिवासी जनजातिका लागि मुटु, मृगौला र क्यान्सर सम्बन्धी रोगको उपचारमा नगरपालिकाले आर्थिक सहायता प्रदान गर्ने नीति लिएको उपप्रमुख अधिकारीले बताइन् । नगरवासीलाई नि:शुल्करूपमा कोरोनाविरुद्धको खोप छिटो लगाउन संघीय र प्रदेश सरकारसँग पहल गर्ने तथा नयाँ आवमा ७०० गरिब परिवारको स्वास्थ्य बीमा गराउन लाग्ने शुल्क नगरपालिकाले व्यहोर्ने भएको छ ।

महिला स्वास्थ्य स्वयम्सेविकालाई ६० वर्षे उमेर हद पूरा गरेपछि एकमुष्ठ रु. ६० हजार निवृत्तिभरण उपलब्ध गराउने बजेटमा उल्लेख गरिएको छ । नगरपालिकाले नगरभित्रका सञ्चारमाध्यममा कार्यरत सबै पत्रकारको स्वास्थ्य बीमा गरिदिने र सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराएर मासिक रकम प्रदान गर्ने भएको छ ।

**'कच्ची सडकमुक्त' नगर दमक**

नगरभित्रका सबै कच्ची सडकलाई आउँदो आवभित्रै ग्राभेल गरिसकेर नगरलाई 'कच्ची सडकमुक्त' बनाउने नगरपालिकाको महत्वाकांक्षी योजना छ । नगर प्रोफाइल अनुसार दमक क्षेत्रभित्र अझै पनि १९ दशमलव ४७ प्रतिशत परिवार सहज प्रकारको सडक पहुँचमा छैनन् । नगरभित्र ग्राभेल सडक ३२० किलोमिटर, पक्की सडक ५५ किलोमिटर र कच्ची सडक १४३ किलोमिटर रहेको छ ।

उपप्रमुख अधिकारीका अनुसार आव २०७८/०७९ को बजेट कार्यान्वयन भइसक्दा नगरका सबै कच्ची सडक ग्राभेल भइसक्ने छन् भने सहज प्रकारको सडकको पहुँचमा सबै नगरवासीलाई पुऱ्याउने कार्य सम्पन्न हुनेछ । नयाँ बजेटमा २०० किलोमिटर सडकलाई ग्राभेल, २० किलोमिटर ग्राभेलको मर्मतसम्भार र १० किलोमिटर सडक पक्की तथा कालोपत्र गरिने भनिएको छ ।

नगरपालिकाले सडक पूर्वाधार विकासका लागि आव २०७८/०७९ का लागि रु. ५२ करोड १० लाख ७६ हजार बजेट विनियोजन गरिएको र रु. चार करोड वडागत बजेटको व्यवस्था गरेको छ ।

**'मनमोहन भत्ता' को शुरुवात**

सङ्घीय सरकारले सामाजिक सुरक्षा भत्ता दिएजस्तै दमक नगरपालिकाले ७० वर्ष नाघेका ज्येष्ठ नागरिक

*(बाँकी अन्तिम पृष्ठमा)*

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

बाल्मीकि एजुकेशन फाउण्डेशन
**बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

शैक्षिक सत्र २०७८का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ८** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**भर्ना:** २०७८ असार ६ गते आइतवारदेखि । **समय :** विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

# इनरह्वील क्लव अफ बिर्तामोडमा भुषाल



जमुना भुषाल

**झापा, असार १७।** इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनको अध्यक्षमा जमुना भुषाल शर्मा चयन भएकी छिन्। बिर्तामोडमा भएको एक कार्यक्रमकाबीच बिर्तामोडकी व्यवसायी भुषाललाई निवर्तमान अध्यक्ष रेणु वंशलले जिम्मेवारी प्रदान गरेकी थिइन्। क्लवको अन्य पदाधिकारीहरुमा भाइस प्रेसिडेन्ट सम्झना भण्डारी, सेक्रेटरी मोनिका अग्रवाल, ट्रेजरर लुना बस्नेत, आइएसओ जुनु विमली, मिडिया इडिटर रिजु पाण्डे रहेका छन्।

क्लवका अन्य पदाधिकारीमा वर्षाराज भण्डारी, रुची शिवाकोटी, कमला कटुवाल, इन्दिरा थापा, गीता खरेल, रेखा अग्रवाल, निलम अग्रवाल, निलम मित्तल, स्वेता थापा, रेनु गोयल रहेका छन्। मानवीय सेवामा सर्मपित क्लवको संस्थापक अध्यक्षमा भूमिका भण्डारी पोखरेल र निर्वतमान अध्यक्ष रेणु वंशल रहेका छन्।

# भ्रामक सूचनामा विश्वास नगर्न राष्ट्र बैंकको आग्रह

**झापा, असार १७ ।** नेपाल राष्ट्र बैंकले भ्रामक सूचनामा विश्वास नगर्न आग्रह गरेको छ। पछिल्लो समय सामाजिक सञ्जाल (फेसबुक) बाट भ्राकम सूचना पोष्ट भइरहेको भन्दै बैंकले आज एक विज्ञप्ती जारी गर्दै कुनै पनि सूचनामा विश्वास नगर्न आग्रह गरेको हो।

बैंकले आफ्नो नाममा फेसबुक पेज बनाएर भ्रामक जानकारी तथा सूचना पोष्ट भइरहेकामा गम्भीर ध्यानकर्षण भएको जनाएको छ। हालसम्म नेपाल राष्ट्र बैंकको कुनै पनि आधिकारिक फेसबुक पेज नरहेको र कुनै पनि प्रकारको सूचना जानकारी तथा आब्हान फेसबुक पेजमार्फत नगरिएको राष्ट्र बैंकले जनाएको छ।

हालसम्म राष्ट्र बैंकको कुनै पनि आधिकारीक फेसबुक पेज नरहेको र यसबाट बैंकको कुनै पनि सूचना तथा जानकारी नगरिएको व्यहोरा सबैलाई जानकारी गर्न चाहन्छौं- विज्ञप्तिमा भनिएको छ। अनाधिकृत रुपमा राष्ट्र बैंकको फेसबुक पेज सिर्जना गरी भ्रामक जानकारी पोष्ट गराउनेलाई साइबर अबराधसम्बन्धी कानुन बमोजिम कारबाही गरिने बैंकले जनाएको छ। यसअघि बुधबार नेपाल बैंकर्स सङ्घले आफ्नो बैंक खातासँग सम्बन्धित विवरण अपरिचित व्यक्तिलाई नदिन आग्रह गरेको थियो।

# बिर्तामोडका कृषकलाई बोकादेखि कृषि औजारसम्म बितरण





**झापा, असार १७।** नगरवासीको आय-आर्जनमा वृद्धि गर्ने उद्देश्यले बिर्तामोड नगरपालिकाले कृषकलाई बोकादेखि कृषि औजारसम्म वितरण गरेको छ। नगर क्षेत्रका व्यवसायिक कृषक तथा कृषक समूहलाई उन्नत जातको बोकासहित मेसिन औजार, कृषि सामग्री, विषादि प्रदान गरेको हो।

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखा र कृषि विकास शाखाको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुरुप उक्त सामग्री प्रदान गरिएको हो। कृषि विकास शाखाका प्रमुख राजेन्द्र कडरियाका अनुसार व्यवसायिक तरकारी उत्पादनमा क्रियाशील ६० जना किसानका लागि १३ लाख ७० हजार रुपैयाँका सामग्री हस्तान्तरण गरिएको छ।

एक लाख ५० हजार रुपैयाँको ६० वटा विषादि छर्कने स्प्रे, एक लाख ७० हजार रुपैंयाँको किटनाशक औषधि, ६० वटा टनेल बनाउने सिलकोलिन प्लाष्टिक तीन लाख रुपैयाँको तथा १२५ वटा मल्चिङ सात लाख ५० हजार रुपैयाँमा खरिद गरी किसानलाई प्रदान गरिएको हो।

यसैगरी पशुपंक्षी तथा मत्स्य विकास शाखाबाट मेयर ग्रामीण बाखा साटासाट कार्यक्रम अन्तरगत चारवटा बोयर जातको बोका कृषक समूहलाई हस्तान्तरण गरिएको छ। शाखा प्रमुख विष्णुप्रसाद भट्टराईका अनुसार बोयर जातको बोका विभिन्न चारवटा कृषक समूहका लागि प्रदान गरिएको हो।

नगरपालिकाले सहारा नेपाल साकोससँगको साझेदारीमा साइलेज बनाउने एकथान मेसिन (च्यापकटर)पनि किसानलाई हस्तान्तरण गरेको छ। बिर्तामोड-७स्थित पशुपालक कृषक समूहको २० प्रतिशत लागत साझेदारीमा १० लाख ५० हजार मूल्य बराबरको उक्त मेसिन प्रदान गरिएको हो।

नगरपालिकाको प्राङ्गणमा नगर उपप्रमुख पवित्रा महतरा प्रसाईंको अध्यक्षतामा विशेष कार्यक्रमको आयोजना गरी किसानलाई ती सामग्रीहरु हस्तान्तरण गरिएको हो। नगरप्रमुख ध्रुबकुमार शिवाकोटी, उपप्रमुख प्रसाईं, प्रमुख प्रशासकीय अधिकृत गणेश दाहाललगायतले किसानहरुलाई सामग्रीहरु हस्तान्तरण गर्दै व्यवसायमा अब्बल बन्न प्राप्त कृषि औजार सामग्रीहरुको अधिकतम् लाभ लिन आग्रह गरे।

कार्यक्रममा मन्तब्य राख्दै नगरप्रमुख शिवाकोटीले बिर्तामोडलाई अर्ग्यानिक सागसब्जी खाने नागरिक बस्ने क्षेत्र बनाउन जनप्रतिनिधिहरु हरतरहले लागिरहेको दावी गरे। उनले स्वस्थ जीवनयोग अभियानको नारा दिएर आगामी आर्थिक वर्षमा योग शिविरहरु लिएर नगर क्षेत्रका घरघरमा पुग्ने कार्यक्रम बनाइएको पनि जानकारी गराए।

# हात्तीको आक्रमणबाट मृत्यु

**उदयपुर, असार १७।** उदयपुर बेलका नगरपालिका-२ रामनगर ४० बर्षीय कमल यादबको हात्तीको आक्रमणमा परी मृत्यु भएको छ।

गाँउ छिरेको एउटा जंगली हात्तीले यादवलाई घर बाहिर निस्केको बेलामा लछारपछार गरी घटनास्थलमा नै मारेको थियो। हात्तीलाई प्रहरी र स्थानीयको सहयोगमा राति नै जंगलतर्फ लखेटिएको छ।

# ट्याक्टर दुर्घटनाबाट एक जनाको मृत्यु

**पाँचथर, असार १७।** पाँचथर फालेलुङ गाउँपालिका-३ माङ्लेबुङमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्।

माङ्लेवुङबाट मेमेङतर्फ जस्ता तथा खाद्यान्न लिई जाँदै गरेको मे१त ६५७७ नम्बरको ट्याक्टर अचानक सडकबाट अन्दाजी ३० मिटर तल झरेको थियो। सो दुर्घटनाबाट सोही स्थानका ५४ बर्षीया लक्ष्मी बिष्टको घटनास्थलमानै मृत्यु भएको हो।

घटनाको जानकारी पाए लगत्तै इलाका प्रहरी कार्यालय मेमेङबाट प्रहरी टोली खटी गइ घाइतेहरु सोही स्थानका चालक ४० बर्षीय अक्कलबहादुर लिम्बू, सोही स्थानका ४६ बर्षीय कर्ण राई र सोही स्थानका ३० बर्षीय मनकुमार राईलाई उपचारको लागि जिल्ला अस्पताल पाँचथरमा पठाइएकोमा चालक लिम्बूलाई थप उपचारको लागि बिर्ता सिटी अस्पताल बिर्तामोड पठाइएको प्रहरीले जनाएको छ।

# कोरोनाबाट भारतमा ४५ हजार संक्रमित

**भारत, असार १७।** भारतमा गत २४ घण्टामा कोरोनाभाइरसबाट करिब ४९ हजार थप मानिस सङ्क्रमित भएका छन्। यसैसँगै भारतमा कोरोना शुरु भएदेखि हालसम्म कूल सङ्क्रमितको संख्या तीन करोड ४ लाख ११ हजार ६३४ पुगेको जनाइएको छ।

सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा थप ४८ हजार ७८६ जना सङ्क्रमित भएका हुन्। अघिल्लो दिनको तुलनामा बिहीबार सार्वजनिक गरिएको तथ्याङ्कमा केही बढी देखिएको सरकारी अधिकारीहरुले जनाएका छन्।

पछिल्लो एक दिनमा भारतमा कोरोनाकै कारण ९९१ जनाको मृत्यु भएको मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ। त्यसैगरी भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म कूल मृतकको सङ्ख्या तीन लाख ९९ हजार ४५९ पुगेको मन्त्रालयले जनाएको छ। हाल भारतमा पाँच लाख २३ हजार २५७ जना सक्रिय सङ्क्रमित रहेका छन्। मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ६१ हजार ५८८ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

## रोटरी ...

अक्सिजन बैंकको स्थापना, मनमोहन हस्पिटलमा डाइलोसिस मेसिन स्थापना, सोही अस्पतालमा मेडिकल भेन्टिलेटर स्थापना, क्लबलाई शतप्रतिशत पीएचएफ बनाउनेजस्ता महत्वपूर्ण काम गर्न सफल भएको निवर्तमान अध्यक्ष भेषराज भण्डारी प्रशान्तले बताएका छन्।

# टिकटकद्वारा उमेर नपुगेका ७३ लाख प्रयोगकर्ता निलम्बित

**झापा, असार १७।** टिकटकले यो वर्षको पहिलो तीन महिनामा झण्डै ७३ लाख प्रयोगकर्ताको अकाउन्ट निलम्बन गरेको छ।

उमेर नपुगेका बालबालिकाले चलाइरहेको आशङ्का गरिएका अकाउन्टहरू निलम्बन गरिएका हुन्। टिकटकले निलम्बित अकाउन्टहरू कूल प्रयोगकर्ताको एक प्रतिशतभन्दा कम रहेको बताएको छ।

किशोर किशोरीमाझ चर्चित टिकटक १३ वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिले मात्रै चलाउन पाउने नियम छ। टिकटकले निलम्बित अकाउन्टका बारेमा पहिलोपटक आफ्नो समुदाय निर्देशिका प्रतिवेदनमा सार्वजनिक गरेको हो। यस्तो जानकारीले प्रयोगकर्ताको सुरक्षाका विषयमा पारदर्शिता र उत्तरदायित्व वहन गरेर अगाडि बढ्न सामाजिक सञ्जाल उद्योगलाई सहयोग हुने अपेक्षा गरेको टिकटकले बताएको छ।

**प्रतिवेदनका अनुसार ती तीन महिनामा:**

- नियम पालना नगरेका ६, १९, ५१, ३२७ भिडिओहरू हटाइएका छन्
- तीमध्ये ८२ प्रतिशत भिडिओ अरूले हेर्नुभन्दा पहिले, ९१ प्रतिशत कुनै पनि प्रयोगकर्ताले गुनासो गर्नुभन्दा पहिले र ९३ प्रतिशत प्रकाशित भएको २४ घण्टाभित्रै हटाइएका हुन्।
- विज्ञापन नीति र निर्देशिका पालना नगरेका १, ९२, ९०० विज्ञापनहरू अस्वीकृत गरिएका छन्
- कूल १, ११, ४५, ५१४ अकाउन्टहरू निर्देशिका र प्रयोगका शर्तहरू पालना नगरेका कारण हटाइएका छन्।
- टिकटकले किशोरकिशोरीलाई सुरक्षित राख्न १६ वर्ष नपुगेका प्रयोगकर्ताहरूलाई सन्देश आदानप्रदान र प्रत्यक्ष भिडिओ प्रशारण गर्ने सुविधा नदिएको बताएको छ।

'बालबालिकालाई सुरक्षित राख्न हामीले गरिरहेका कामहरू सार्वजनिक गर्न यो प्रतिवेदनमा कम उमेरका व्यक्तिहरूको हटाइएको अकाउन्ट सङ्ख्या राखेका हौँ'- टिकटकका सुरक्षा र विश्वास प्रमुख कोर्म्याक किननले बताए।

उक्त चिनियाँ एप किशोर किशोरीमाझ चर्चित भए पनि हालै यसमा कम उमेरका बालबालिका बढ्न थालेको भन्दै चिन्ता व्यक्त गरिएको छ। गत वर्ष न्यू योर्क टाइम्सले प्राप्त गरेको तथ्याङ्कमा एक चौथाइ अमेरिकी प्रयोगकर्ताहरू १४ वर्ष वा कम उमेरका रहेको देखिएको थियो।

**कम उमेरका प्रयोगकर्ता**

टिकटकको एउटा चुनौति भनेको उमेर पुष्टि गर्ने यसको तरिका अन्य सामाजिक सञ्जालभन्दा फरक छैन- टिकटक बुमका लेखक क्रिस स्टोकेल-वाकरले भने। दशकौँदेखि गलत जन्म मिति लेखेर र आफू उमेर पुगेको बताएर उमेर पुष्टिको नियमलाई तोड्न सकिन्छ।

टिकटकसँग भएको प्रविधिले सायद यसले राम्रैसँग कम उमेरका प्रयोगकर्ताहरू चिन्न सक्छ तर त्यो प्रयोग गर्नका लागि यसले प्रयोगकर्तासँग माग्नुपर्ने अनुमतिले उनीहरूलाई असहज तुल्याउन सक्छ। टिकटकलाई यूकेमा बालबालिकाको तथ्याङ्क सङ्कलन र प्रयोगका बारेमा मुद्दा दायर गर्न लागिएको छ। जनवरीमा इटलीको एक निकायले एक १० वर्षीया बालिकाको मृत्यु भएपछि टिकटकलाई बालबालिकाको अकाउन्ट बन्द गर्न आदेश दिएको थियो।

## निरोगी ...

र पूर्ण अपाङ्गता भएकालाई वार्षिक रु. दुई हजारका दरले 'मनमोहन अधिकारी स्मृति सामाजिक सुरक्षा भत्ता' प्रदान गर्ने भएको छ।

ज्येष्ठ नागरिकको मोतियाविन्दु र प्रोस्टेटको उपचार नगरपालिकाले निःशुल्क रूपमा गरिदिने भएको छ भने सबै वडामा ज्येष्ठ नागरिकको भेटघाट र बसिबियाँलो गर्ने थलोका रूपमा ज्येष्ठ चौतारी निर्माण गरिने जनाइएको छ। नगरभित्र सञ्चालित निजी अस्पताल, स्वास्थ्य क्लिनिक, होमियो र आयुर्वेदिक क्लिनिकमा परिचयपत्रका आधारमा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण निःशुल्क बनाइने भएको छ।

**'नगर स्कूल बस' सञ्चालन**

निजी विद्यालयमा पढ्ने विद्यार्थी स्कूल बस चढेर पढ्न जाने गरेकामा नगरपालिकाका सरकारी विद्यालयका विद्यार्थीले पनि अब निःशुल्करूपमा स्कूल बस प्रयोग गर्न पाउने भएका छन्।

नगरपालिकाले सामुदयिक विद्यालयका लागि तीनवटा नगर स्कूल बस सञ्चालनमा ल्याउने जनाएको छ। यसबाट विद्यालय छाड्ने प्रवृत्ति निरुत्साहित हुने र सामुदायिक विद्यालयप्रतिको आकर्षण बढ्ने अपेक्षा गरिएको उपप्रमुख अधिकारीले बजेटमा उल्लेख गरेकी छिन्।

शिक्षा पाउनबाट कोही पनि बालबालिका बञ्चित नहोऊन् भनेर नगरपालिकाले नगरभित्रका सबै अनाथ तथा असहाय बालबालिकाको अभिभावकत्व लिने निर्णय गरेको छ। नगरले शिक्षा क्षेत्रको विकासका लागि 'सबैका लागि शिक्षा उपप्रमुख कार्यक्रम' लागू गरिने जनाएको छ। नगरपालिकाले त्यस्ता बालबालिकाको आवास, खाना, शिक्षा, स्वास्थ्य र हेरचाहको सम्पूर्ण व्यवस्था मिलाउने भएको छ। मातृभाषामा शिक्षा दिने उद्देश्यले धिमाल र लिम्बू भाषामा पठनपाठनको व्यवस्था मिलाइने भएको छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरवृद्धि गर्दै प्रविधिको प्रयोगमा जोड दिनका लागि सबै सरकारी विद्यालयमा विद्युतीय हाजिरी र स्कूल मेनेजमेन्ट इन्फरमेशन सिस्टम लागू गरिने भएको छ।

सामाजिक सुरक्षा कोषमा आवद्ध भएका निजी विद्यालयलाई व्यवसाय करमा २५ प्रतिशत र पूर्वाधार सेवा उपयोग करमा ५० प्रतिशत कर छुट दिने नगरपालिकाले घोषणा गरेको छ। सामुदायिक विद्यालयमा निःशुल्क सेनेटरी प्याडको व्यवस्था नगरपालिकाले मिलाउने भएको छ। कोरोना महामारीका कारण शैक्षिक क्षेत्रमा भएको क्षतिको पुनःभरण गर्दै विद्यालयमा भवन, फर्निचर, खानेपानी र शौचालयलगायतका पूर्वाधार निर्माणका लागि बजेटमा रु. २५ करोड ५१ लाख २७ हजार विनियोजन गरिएको छ।

**कृषिमा अनुदानै अनुदान**

कृषि क्षेत्रमा बढ्दो निराशालाई आशामा बदल्न दमक नगरपालिकाले व्यावसायिक तथा सामूहिक खेतीमा प्रशस्त अनुदान दिने कार्यक्रम ल्याएको छ। 'कृषिमा प्रोत्साहन, अनुदानै अनुदान' कार्यक्रमअन्तर्गत नगरभित्रका कृषि समूह तथा कृषि सहकारीलाई सिँचाइका लागि खपत भएको विद्युत् महसुलमा शतप्रतिशत अनुदान दिने भएको छ।

कृषि चुन र माटो परीक्षण सेवा निःशुल्क पाइने तथा जैविक मलमा ५० प्रतिशत अनुदान प्रदान गर्ने नगरको नीति रहेको छ। वैदेशिक रोजगारीको साटो स्वदेशमै कृषि उद्यममा लाग्न प्रोत्साहित गर्ने उद्देश्यले सामूहिक खेतीमा नगरपालिकाले प्राथमिकता दिएको छ। यसका लागि नगरपालिकाकाले 'खनौं आफ्नो माटो, छोडौं विदेशको बाटो' नारा तय गरेको छ। 'बालीमा विषादी, स्वास्थ्यमा बर्बादी' अभियान सञ्चालन गरी नगरले विषादीको प्रयोग न्यूनीकरण गर्ने र जैविक खेतीलाई प्रोत्साहित गर्ने भएको छ।

**शिविरमा 'शरणार्थी संग्रहालय'**

भूटानी शरणार्थीले बसोबास गरेको बेलडाँगी शिविर क्षेत्र अहिले खाली भएको छ। तेस्रो मुलुकमा उनीहरु पुनर्वास भएर गएपछि खाली रहेको शिविर क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्र बनाउन नगरपालिकाले 'शरणार्थी सङ्ग्रहालय' बनाउने घोषणा गरेको छ।

सो शिविर क्षेत्रमा कुनै समय करिब एक लाख भुटानी शरणार्थीले आश्रय लिएका थिए। विदेशमा गएका पूर्व शरणार्थी, विदेशी दातृ संस्था र सरोकारवाला संघ-संस्थासँग साझेदारी गरेर सङ्ग्रहालय बनाउने नगरको योजना छ। दमकमै विश्वको अग्लो बुद्धमूर्तिसहितको 'विराट बुद्ध पार्क' निर्माणका लागि यस वर्ष डीपीआर र वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य सक्ने लक्ष्य लिइएको छ।

यसैगरी दमक-८ मा बहुजातीय सङ्ग्रहालय, दमक-१० स्थित सिंहबाहिनी माविको जग्गामा नेपाल विज्ञान प्रतिष्ठानसँग सहकार्य गरी 'साइन्स पार्क' निर्माणका लागि डीपीआर सक्ने भएको छ। दमक क्षेत्रमा सङ्घीय सरकारले निर्माण गरिरहेको दमक भ्यूटावर, दमक सभाहल, नेपाल चीनमैत्री औद्योगिक पार्क, मदन भण्डारी रङ्गशालालगायतका राष्ट्रिय गौरवका आयोजना तोकिएकै समयमा सम्पन्न गर्न नगरपालिकाले समन्वय र पहल गर्ने भएको छ।

**एक अर्ब ३८ करोडको बजेट**

नगरपालिकाले आगामी आव २०७८/७९का लागि रु. एक अर्ब ३८ करोड ४५ लाख ९९ हजारको बजेट निर्माण गरेको छ। नगरले भौतिक पूर्वाधारको साथै आर्थिक, सामाजिक विकासका गतिलाई अघि बढाउने उद्देश्यले कृषि, उद्योग, वाणिज्य तथा पर्यटन, सहकारी, पशुपंक्षी विकास, शिक्षा, युवा तथा खेलकूद, स्वास्थ्य तथा सामाजिक सुरक्षा र संरक्षण, खानेपानी, सरसफाइ, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलगायतका क्षेत्रका लागि रु ४२ करोड ५२ लाख ६९ हजार बजेट विनियोजन गरेको छ।

त्यसैगरी वातावरण संरक्षण, विपद् व्यवस्थापन र सुशासनलगायतका क्षेत्रमा नगरले रु. आठ करोड ९७ लाख ६८ लाख बजेट छुट्याएको छ। नगरपालिकाले संघीय सरकारले तोके अनुरुप नै विद्यालयमा कार्यरत बालशिक्षिका र कर्मचारीलाई प्रतिव्यक्ति मासिक रु. सात हजार उपलब्ध गराउने गरी बजेट विनियोजन गरेको छ। सामाजिक सुरक्षा कोषमा आवद्ध नहुञ्जेलसम्म करार कर्मचारीले पाए सरह सञ्चय कोषको सुविधामा आवद्ध गराउने गरी बजेटको व्यवस्था गरिएको छ।

कृषि क्षेत्र जनजीविकाको महत्वपूर्ण आधार भएको हुँदा कृषकलाई प्रोत्साहन गर्न अनुदान तथा निःशुल्क सेवाको व्यवस्था गर्न रु. एक करोड नौ लाख बजेट विनियोजन गरेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि नगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भइसकेको हुँदा 'नजाऔं विदेशमा, सम्भव छ आफ्नै ठाउँमा' भन्ने नारा तयार गरेर नगरले अभियान सञ्चालन गरिरहेको छ।

नगरपालिकाले पर्यटकीय गन्तव्यमा फ्रि वाइफाइको व्यवस्था गर्ने, नगर क्षेत्रभित्र रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक स्थान, मठमन्दिर, गुम्बा, ग्रामथान तथा महाराजथान, माङ्हिम, मदरसा, चर्च आदिको संरक्षण गरिनुका साथै छुट्टाछुट्टै स्थानको प्रोफायल तयार गर्ने योजना बनाएको छ। नगरले भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकासका क्रियाकलाप सञ्चालन गर्ने तथा भाषा, साहित्य कला र संस्कृतिमा योगदान पुर्‍याउने व्यक्तिलाई नगर साहित्यक पुरस्कार दिइने घोषणा गरेको छ।

## क्यानडा ...

क्यानडाको तापक्रम अधिकतम् ४९.६ डिग्री सेल्सियममा पुगेको थियो। यहाँ यो अहिलेसम्मकै उच्च तापक्रम भएको बताइएको छ। क्यानडाको तापक्रम बुधबार चौथो दिन पनि उच्च नै रहेको बताइएको छ। अमेरिकाको उत्तर पश्चिमी क्षेत्रमा पनि तापक्रम निकै बढेको छ। तातो हावाका कारण अमेरिकाका यी क्षेत्रमा पनि केही मानिसको ज्यान गएको बताइएको छ।

तातो हावाका कारण ब्रिटिश कोलम्बिया क्षेत्रमा जनजीवन नै प्रभावित भएको छ। ब्रिटिश कोलम्बिया प्रान्तको लिटन गाउँमा सबैभन्दा धेरै तापक्रम देखिएको छ। उक्त गाउँका स्थानीयहरुका अनुसार अहिले सो गाउँबाट मानिसहरु बाहिर निस्किन सक्ने अवस्था देखिएको छैन। क्यानडाको भ्यानकुभरमा मात्रै गत शुक्रबारयता ६५ जनाको मृत्यु भएको बताइएको छ। यसरी मृत्यु हुनुमा अत्यधिक गर्मी नै प्रमुख कारण रहेको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीको भनाइ छ।

## कोरोनाले ...

भए पनि पुष्टि हुनेमध्ये अन्यत्रको तुलनामा काठमाडौं उपत्यकाका धेरै भएको तथ्याङ्कले देखाउँछ। बिहीवार पुष्टि भएकामध्ये काठमाडौंमा ३१६ जना छन् भने ललितपुर र भक्तपुरका क्रमशः ७४ र २९ जना रहेका छन्।

एक सयभन्दा धेरैमा सङ्क्रमण पुष्टि भएका जिल्लाहरूमा झापा २४८ जना, मोरङ १७६, सुनसरी १२९ र कास्की १८९ जना रहेका छन्। मन्त्रालयका अनुसार सङ्क्रमितमध्ये अहिले ६२९ जना देशभरिका विभिन्न अस्पतालका आईसीयूमा र १८१ जना भेन्टिलेटरमा छन्।


**अर्जुनधारा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

**१५ दिने सार्वजनिक सूचना**

यस अर्जुनधारा नगरपालिका वडा नं. ८ शनिश्चरे बजार-खुदुनाबारी जाने सडकको क्षेत्राधिकारका सम्बन्धमा सम्मानित उच्च अदालतबाट फैसला भई जानकारी प्राप्त भएको र सडक कालोपत्रे गर्नका लागि बन्दोबस्त ठेक्का अवधि आषाढ मसान्तसम्म मात्र रहेको हुँदा उक्त अवधिमा कार्यसम्पन्न गर्ने गरी सडक क्षेत्र खाली गर्नुपर्ने भएकोले उक्त सडकको क्षेत्राधिकारभित्र रहेका संरचनाहरु हटाइ सडक क्षेत्र खाली गराउन सरोकारवालाहरुको नाममा यो १५ (पन्ध्र) दिने सूचना जारी गरिएको छ।

**अम्बिकाप्रसाद चौलागाँईः प्रमुख प्रशासकीय अधिकृत**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।




भूपाल बुढाथोकी

023-545402

9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# नारामा सीमित आत्मनिर्भरता

**कृषि प्रधान भनेर चिनिएको नेपालमा खाद्यान्नमा परनिर्भरता बढेर जानु चिन्ताको विषय हो । प्रत्येक वर्ष हाम्रो मुख्य खाद्य वस्तु चामलको आयात बढेर गइरहेको छ । योसँग तरकारी, फलफूल, तेल, कोदो, फापर, गहुँ जस्ता खाद्य वस्तुहरूमा समेत परनिर्भरता बढ्दै गएको छ । यसले नेपालको कृषि प्रधानताको पहिचानलाई समेत गिज्याउन थालेको छ । यद्यपि सरकारले उत्पादकत्व बढाउने उद्देश्यले विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ । कृषक, कृषिकर्म र कृषि सम्बद्ध सहायक कर्मलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सरकारले नीति तथा कार्यक्रममा समावेश गर्न थालेको छ । त्यसै अनुसार प्रत्येक असार १५ लाई राष्ट्रिय धान दिवसका रूपमा मनाउन थालेको पनि १८ वर्ष भइसकेको छ । तर, सरकारको मनाइ केवल भाषण र नारामा सीमित हुँदा यो दिवस औचित्यहीन, निरर्थक र झारा टार्ने कुरा मात्रै भएको छ ।**

**विश्वका प्रमुख धान उत्पादक राष्ट्रहरूको सूचीमा नेपाल १७औं स्थानमा छ । तर, चार दशकदेखि आयात भइरहेको धानचामलको परिमाणको तथ्याङ्कले त्यो सूची र विशेषतालाई गिज्याइरहेको छ। गत आर्थिक वर्ष ०७६/०७७ मा मात्रै ३३ अर्ब ६५ करोड रूपैयाँको धानचामल आयात भएको थियो भने यस वर्षको पछिल्लो दश महिनामा झण्डै साढे २६ अर्बको चामल मात्रै आयात भयो । यो तथ्याङ्कले हाम्रो बढ्दो परनिर्भरतालाई देखाउँछ, घट्दो उत्पादकत्व र खाने बानीमा आएको परिवर्तनको सङ्केत गर्छ । कूल जमिनको ४७ प्रतिशत क्षेत्रमा धान खेती हुने गरेको छ भने वार्षिक मुख्य खाद्यान्न रहेको चामल चालीस लाख मेट्रिक टन चाहिन्छ । उत्पादन र खपतका बीचको अन्तर कम गर्दै आगामी पाँच वर्षभित्र चामलमा आत्मनिर्भर बन्ने सरकारले दाबी गरेको छ । तर, दाबीलाई पूरा गर्ने सरकारको ठोस नीति र कार्यक्रम देखिएको छैन । कृषिलाई आधुनिकीकरण र व्यावसायिक गर्दै खाद्यान्नमा आत्मनिर्भर बन्ने कार्यक्रम पनि सञ्चालन गरिएको छ । त्यसै अनुसार देशका पन्ध्र जिल्लामा धान उत्पादन वृहत् कार्यक्रम सञ्चालनमा पनि छ । त्यसमा पनि झापा जिल्लालाई धानको 'सुपर जोन' घोषणा गरी उत्पादकत्व बढाउने लक्ष्य लिइएको छ ।**

**अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारको कार्ययोजना प्रस्तुत गर्दै आगामी दुई वर्षभित्र दूध र तरकारीमा र तीन वर्षभित्र गहुँ, मकै, कोदो, फापरमा आत्मनिर्भर हुने सपना बाँडेका छन् । तर, घोषणा गर्न र आश्वासन दिन बाहेक उत्पादन बढाउने प्रभावकारी नीति सरकारसँग छैन । वास्तविक कृषकले न कुनै सेवासुबिधा पाएका छन् न त उत्पादित कृषि वस्तुको उचित मूल्य नै पाउन सकेका छन् । अझ बदलिँदो जीवनशैली, खानपानको आनीबानी र कृषि कर्मप्रतिको बिकर्षणले परनिर्भरतालाई बढाउने निश्चित जस्तै छ । सरकारले यो वर्षको धान दिवसको नारा 'धान उत्पादनमा वृद्धि : खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि' भन्ने नारा तय गरेको छ । यदि सरकारले अन्तरमनबाटै यस्तो सपना देखेको हो भने विदेश पलायन भइरहेको युवाशक्तिलाई रोक्नु पर्छ । प्रत्येक वर्ष बढ्दै गएको बाँझो जमिनलाई आवाद गराउने कार्यक्रम ल्याउनुपर्छ । आधुनिक वीऊविजन, मलखाद, कृषि उपकरण, सिँचाई सुविधासँग बजारको प्रबन्ध सुनिश्चित गर्नुपर्छ । तब मात्र परनिर्भरतालाई कम गर्दै आत्मनिर्भरता तर्फको यात्राको थालनी हुन सक्छ ।**

# चुनौतिको रूपमा नेपाल-भारत सीमा



**उदय राना मगर**

नेपाल र भारतबीचको अन्तर्राष्ट्रिय सीमाको निर्धारणका लागि विभिन्न सन्धी एवम् सम्झौताहरुका आधारहरु तय भई कायम भएको हो। सन् १८१६ मार्च ४ मा नेपाल सरकारको प्रतिनिधिका हैसियतले राजगुरु श्री गजराज मिश्र र श्री चन्द्रशेखर उपाध्यायले सहीछाप गरी सुगौली (भारत)मा अंग्रेज (कम्पनी) सरकारका ले.क. पेरिश ब्राडशाले हस्ताक्षर गरी 'सुगौली सन्धी' भएको र त्यसपश्चातबाट पश्चिममा काली र पूर्वमा मेची नदी सीमाना कायम भएको हो। त्यसपछि सन् १८१६ डिसेम्बर ८ मा कोशी नदीदेखि राप्ती नदीसम्मको समतल भू-भाग नेपाललाई फिर्ता गर्न अंग्रेज सरकार इच्छुक रहेको उल्लेख गरी एक सम्झौता पत्र तयार गरी नेपाल सरकार समक्ष पठायो र नेपाल सरकारको तर्फबाट उक्त सम्झौता पत्रलाई अनुमोदन गरियो जसलाई 'पूरक सन्धी' भनिन्छ यसैको आधारमा सीमाना कायम भएको देखिन्छ।

सन् १८६० नोभेम्बर १ मा आएर फेरि जंगबहादुर राणाको पालामा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर ( नयाँ मुलुक) फिर्ता लिन नेपाल सरकारका तर्फबाट जंगबहादुर राणा र अंग्रेज सरकारका तर्फबाट ले.ज.जर्ज रयाम्सेले गरेको सम्झौता ग-यो यसको आधारमा सीमालाई बढाउने काम भएको देखिन्छ। त्यसपछि सन् १८७५ जनवरी ७ को सम्झौता भई दाङ जिल्लाको डुडुवा क्षेत्रको सिमाङ्कन गर्न नेपाल सरकारका तर्फबाट कमिस्नर कर्णेल सिद्धिमान साहेबबहादुर राजभण्डारी र अंग्रेज सरकारका तर्फबाट कमिस्नर ले.ज. म्याक एन्ड्रिउको संयुक्त आयोगले सन् १८७५ जनवरी ७ मा डुडुवा श्रृंखलाको अर्रा नदीदेखि बघौडा तालको पहाडी भू-भागको दक्षिणतर्फ जाँदा पहाडको फेदीले जुन समथर भाग भेट्छ त्यही रेखा दुई देशबीचको सीमा रेखा हुने गरी भएको सम्झौताका आधारमा सीमाना कायम भएको देखिन्छ।

यसरी हेर्दा नेपाल र भारतको सीमा करिब १८८० कि.मी. रहेको छ। जसमध्ये जमिन सीमानाको भाग करिब १,२४० कि.मी. बाकी नदी सीमाना छ। नदी सीमानामध्ये करिब २०० कि.मी. महाकाली नदी, २० कि.मी. नारायणी नदी, ८० कि.मी. मेची नदी र ३४० कि.मी. अन्य स-साना ५४ वटा नदीनालाका सीमाना पर्दछ। नेपालका २६ (नवलपरासीलाई दुई वटा मान्दा २७) जिल्लाहरु र भारतका चार प्रदेशका २० जिल्लाहरु नेपाल भारत अन्तर्राष्ट्रिय सीमासँग जोडिएका छन्। विवादितसुस्ता र कालापानी क्षेत्र बाहेक नेपाल-भारत सीमामा ८,५५३ स्थानमा निर्माण गर्नुपर्नेमा करिब २,५०० सीमा स्तम्भहरु निर्माण गर्न बाँकी रहेको अवस्था छ।

सन् २०१४ जुलाई २५ देखि २७ सम्म बसेको नेपाल भारत परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको तेश्रो कैठकल बोर्डर वर्किङ ग्रुपलाई यथाशीघ्र कार्य प्रारम्भ गर्ने निर्देशन दिएको र सुस्ता र कालापानी क्षेत्रको विषयमा कार्य अगाडि बढाउने जिम्मा परराष्ट्र सचिवस्तरीय संयन्त्रलाई दिएको थियो। यसको बैठक बसेको भएता पनि यो क्षेत्रको समस्या समाधान भएको छैन। विशेषतः अहिले फेरि पनि कालापानी क्षेत्रमा भारतीय पक्षबाट नेपालको सहमति बिना सडक मार्ग बनाइयो भन्ने कुरा छापामा आएको छ। यो भूमी विवादित भूमि हो भन्ने कुरामा दुबै देश सहमति भएको देखिन्छ। नेपालले आफ्नो दाबी पेश गर्दै आएको भएता पनि विगतदेखि नै भारतीय एस.एस.बि.को तैनाथि गरिएकोमा नै नेपालले आपत्ति जनाउँदै आएको अवस्था छ।

विवादित सीमामध्ये सुस्तालाई पनि लिन सकिन्छ। नवलपरासी जिल्लाको सदरमुकाम परासीबाट करिब ५८ कि.मि.दक्षिण त्रिवेणी सुस्ता गाउँपालिकाको नारायणी नदीदेखि पूर्वमा एक टापुको रुपमा रहेको छ। सीमाविद्हरुका अनुसार सुस्ता मौजामा तत्कालीन राजा पृथ्वीनारायाण शाहको पालामा ज्योतिषी भागीरथ जैसीलाई वृत्ताको रुपमा प्रदान गरिएको थियो। नेपाल र अंग्रेजबीच सन् १८१६ मा सुगौली सन्धिपश्चात त्रिवेणीघाटदेखि पक्लिहवासम्म २४ कि.मि. दूरीमा कुनै पनि किसिमको स्थायी सिमाङ्कन नगरी नदीको बहावलाई सीमा रेखा मानी त्यतिकै बाँडिएको पाइन्छ। सुस्ता क्षेत्रलाई भारतीय सीमा बलको तीन वटा वि.ओ.पि. ले घेरेको छ। कूल क्षेत्रफल ४०,९८० हेक्टर रहेकोमा अतिक्रमण भएको क्षेत्र १४,००० हेक्टर छ। विवादित भई दुबैतर्फबाट रोकिएको क्षेत्रफल १९,९८० हेक्टर, बाँकी आवादी हालको सुस्ता ७,००० हेक्टर छ। यहाको २६३ परिवारका ३२०० जनसंख्या छन्।

वि.सं.२०२२ सालमा तत्कालीन राजा स्वर्गीय श्री ५ महेन्द्रबाट सुस्ता क्षेत्रको अतिक्रमण रोक्नका लागि ३८० घर बस्ती बसालेको हो। यहाँ २०२५ सालमा हुलाक कार्यालय सुस्ता, प्रहरी चौकी सुस्ता र नेपाल प्रा.वि.सुस्तास्थापना भएको थियो। वि.सं.२०३१ सालमा नापी विभागबाट अमिन टोली खटिआई नाप नक्सा गरी ७०० घर धुरीलाई जग्गा धनी लालपुर्जा वितरण गरेको हो। वि.सं.२०३४ सालमा नारायणी नदिमा भिषण बाढी आई सुस्ता गाउँ पञ्चायत नै मरुभूमि जस्तो बनाएपछि सुस्ताका सम्पूर्ण जनताहरुलाई तत्कालीन सरकारको निर्णयले तत्कालीन त्रिवेणी गाउँ पञ्चायतको वडा नं. ८, ७ र २ मा बसोबासको व्यवस्था मिलाएको छ।

वि.सं.२०३४ सालमा नारायणी नदीमा ठूलो बाढी आउँदा तत्कालीन सुस्ता गाउँ पञ्चायत डुवानामा परेकोले सुस्ता बासीहरु त्रिवेणी गाउँ पञ्चायतमा विस्थापित भएको। पुरानो सुस्ता बगरमा परिणत हुँदा २०३६ सालदेखि २०६२ सालसम्म अतिक्रमण भएको भन्ने भनाइ छ। भारतले नारायणी नदीको बीच बहावलाई सीमा मानेको र समय-समयमा नदीको धार परिवर्तन हुने गरेकोले सीमा क्षेत्रमा जंगे पिलर बन्न सकेको छैन। यो क्षेत्रमा नेपाल सरकारबाट निर्माणाधीन झोलुगै पुलको निर्माण कार्य समेत बीचमा अट्किएको छ। यो क्षेत्र नारायणी नदीको कारणले गर्दा नेपालसँग जमिन नजोडिएको र नारायणी नदीमा पुल समेत बन्न नसकेको कारण त्यहाँ नेपाली जनतालाई जमिन सुरक्षाको लागि भने पनि टिकाई राख्न आवश्यक छ जुन कुरा चुनौतीपूर्ण छ।



३१० वर्ग कि. मि. क्षेत्रफल ओगट्न् लिम्पीयाधुरामा हालैमात्र भारतीय पक्षबाट एकलौटी रुपमा बाटो निर्माण गरेको भन्ने खबर आएपछि नेपालमा सबै तह र तप्काबाट विरोधका स्वरहरु गुञ्जिरहेको छ। नेपालले यो कार्यलाई वार्तालापबाट समाधान गर्नुपर्छ। भारतले वार्ताप्रति आफ्नो प्रतिबद्धतालाई पुनः बेवास्ता गरयो। सुगौली सन्धीको धारा ५ मा नेपालको पश्चिमी सीमाना काली नदी रहेको छ। तथापि काली नदीको मुहानको बारेमा नेपाल र भारतको आ-आफ्नो दावा रहेको छ।

पुराना दस्तावेज र नक्साका साथसाथै पानीको मात्रा र बहावको आधारमा समेत लिम्पियाधुराबाट आउने नदी काली नदी रहेको नेपालको दावी छ भने कालापानी पूर्वको सानो खोला नै काली नदी भएको भारतको दावी छ। अहिलेको मुख्य समस्या भनेको काली नदीको मुहान कुन हो भन्ने नै हो। पुराना दस्तावेज तथा नक्साहरुमा लिम्पियाधुराबाट निस्किएको नदी नै काली नदीको हो भन्ने प्रमाणहरु छन्। यसरी हेर्दा लिम्पीयाधुरा नेपाल कै हो भन्ने कुरामा दुईमत छैन।


**नेपालको नक्सा (राजनीतिक तथा प्रशासनिक)**

अहिले नेपालको एक इन्ची पनि भूमि गुमाउन हुन्न त्यसका लागि सबै नेपाली भूमि रक्षाको लागि नेपाली तयार रहेको भन्ने आवाज चारैतिरबाट आवाज उठिरहेको छ। यस्तो अवस्थामा दुई पक्षीय कुटनीतिक वार्ताको माध्यमद्वारा नेपालको गुम्न लागेको भूमि फिर्ता ल्याउने कार्यमा सरकार लाग्नुपर्ने देखिन्छ। दुबै देशबीच उच्च स्तरमा राजनीतिक सहमति कायम गरी दुबैतर्फका प्राविधिक टोली बसी स्पष्ट रुपमा सिमाङ्कन हुनुपर्ने देखिन्छ। विश्वका मित्र राष्ट्रहरूले दवाब दिन विदेशस्थित नेपाल दूतावास र कुटनीतिक नियोगहरू मार्फत पैरवी गर्नुपर्दछ। नेपालको तर्फबाट कालापानी र सुस्ता क्षेत्रमा व्यापकरुपमा राज्यको उपस्थिति जनाउनु पर्छ।

देशभक्तिको भावनाको विकास गर्दै नेपालको तर्फबाट ऐतिहासिक कागजपत्र वैज्ञानिक रुपमा संकलन गर्ने, स्थायी रुपमा सिमाङ्कन नभएसम्म थप अतिक्रमण नहोस भन्नका लागि हाल मानिएका सीमानामा अस्थायी सिमाङ्कनको ठोस संकेत हुनुपर्ने हुन्छ। नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा 'फेस सेभिङ्ग डिभाइस'को लागि सहज वातावरण निर्माण गर्न सक्षम हुनुपर्दछ। दुई देशबीचको समस्या समानधानको उपयुक्त विकल्प भनेको वार्ता नै हो। त्यसको लागि वैकल्पिक उपायका साथ वार्तामा उपस्थित हुनुपर्छ जुन दुबै राष्ट्रहरूको लागि स्वीकार्य हुनेछ। आवश्यकता अनुसार मध्यस्थको समेत प्रयोग गर्नुपर्छ। तर, छिमेकीले मध्यस्थता स्वीकार गरेन भने नेपालले क्षेत्रीय अखण्डता र सार्वभौमिकताको लागि संयुक्त राष्ट्रसंघको (सुरक्षा परिषद्) र अन्तर्राष्ट्रिय अदालत (आईसीजे) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको ढोका ढकढकाउन तयार हुनुपर्दछ।

*(लेखक हङकङ तथा मकाउका लागि नेपाली महावाणिज्य दूत हुन्।)*

# कोभिडपछिको पत्रकारिता : चुनौति र दायित्वबारे छलफल




**बिर्तामोड, असार १७।** नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा 'कोभिडपछिको पत्रकारिता : चुनौति र दायित्व' विषयक भर्चुअल छलफल बिहीबार सम्पन्न भएको छ।

पत्रकारका विभिन्न संगठनका नेता तथा प्रेस क्लवका अध्यक्षहरु छलफलमा सहभागी थिए। महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको छलफलमा सहभागी वक्ताले सञ्चारकर्मी र सञ्चारमाध्यम कोरोनाबाट सबैभन्दा बढी प्रभावित भएको बताए।

उनीहरुले पत्रकार र सञ्चारमाध्यमलाई पत्रकारिताको सामान्य जीवनतर्फ फर्काउन स्थानीय सरकारले विशेष भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका छन्। स्थानीयसँगै प्रदेश र संघीय सरकारले प्रभावितहरुका लागि राहत प्याकेज ल्याउनुपर्ने उनीहरुको भनाइ छ। पत्रकार र कार्यरत सञ्चारमाध्यम दुबै आर्थिक रुपले समस्यामा परेको, स्वास्थ्यको जोखिम उत्तिकै रहेको बताउँदै पत्रकार संगठनका नेताहरुले समस्या र चुनौतिको सामना गर्न पत्रकारका सबै संगठनबीच सहकार्य जरुरी रहेको पनि औल्याएका छन्।

छलफलमा पत्रकार महासंघ झापाका पूर्व अध्यक्ष तथा प्रेस क्लव भद्रपुरका अध्यक्ष गोविन्दचन्द क्षेत्री, नेपाल प्रेस युनियन झापाकी अध्यक्ष इन्दू पुर्वेली, सचिव डिल्लीराम घोर्साइ, प्रेस चौतारी झापाका अध्यक्ष टीकाराम उप्रेती, प्रेस मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष कमन देवान, संघीय पत्रकार मञ्च नेपालका अध्यक्ष दिलकुमार लावती, स्वतन्त्र पत्रकार मञ्चका केन्द्रीय सदस्य नरेन्द्र ढकालले पत्रकारहरुलाई पत्रकारितामा टिकाउने र परिवर्तित परिस्थिति अनुसारको क्षमता विकासमा ध्यान दिनुपर्नेमा जोड दिए।

खेलकुद पत्रकार मञ्च झापाका अध्यक्ष हिमालचन्द्र खरेल, प्रेस क्लव मेचीनगरका अध्यक्ष लक्ष्मी उप्रेती, कनकाई प्रेस क्लवका अध्यक्ष राम निरौला लगायतले चुनौतिहरुको सामना गर्दै पत्रकारले महामारीको समयमा स्वास्थ्य सुरक्षाप्रति सचेत रहेर काम गर्नुपर्ने बताए।

महासंघका उपाध्यक्ष केशव भट्टराईले स्वागत, उपाध्यक्ष सुशिला संग्रौलाले धन्यवाद ज्ञापन र कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए।

पत्रकार संगठनका नेताहरुले मिडियाको प्रभावकारिता बढाउन बदिलँदो परिस्थितिमा प्रविधिमा आम नागरिकको पहुँच बढाउनुपर्ने, सबै नागरिकलाई खोपको व्यवस्थापछि मात्र जनजीवन सामान्य हुने र सँगै पत्रकारिता सहज हुने भन्दै त्यसका लागि सरकारलाई दवाव दिनुपर्ने बताएका छन्।

सबैभन्दा बढी संकट छापा सञ्चारमाध्यमले व्यहोर्नु परेको भन्दै सहभागीले रोजगारी गुमाएका र तलब नपाएका पत्रकारहरुका लागि लेखनवृत्ति लगायतका अवसर प्रदान गर्नुपर्ने, जिल्लाको समग्र सञ्चार क्षेत्रको अवस्था अनुगमन गरी आवश्यकताहरुको प्राथमिकीकरणको आधारमा अघि बढ्नुपर्नेमा जोड दिइएको छ।

# एनएमसीको ४३औं कार्यालय लक्ष्मीपुरमा




**कनकाई, असार १७।** नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. ( एनएमसी) र छहारी नेपाल कृषि सहकारी संस्था, लक्ष्मीपुरबीच एकीकरण भएको छ।

एनएमसीको ४३औं शाखा कार्यालयको रुपमा स्थापित छहारी सेवाकेन्द्र, लक्ष्मीपुर शाखाको एक कार्यक्रम गरी उद्घाटन गरिएको हो। कनकाई नगपालिका-८ का वडाध्यक्ष प्रेमबहादुर कट्वालको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रमको अध्यक्षता छहारी नेपाल कृषि सहकारी संस्थाका अध्यक्ष युवराज चुँडालले गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै संस्थाका प्रमुख कार्याकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीले स्वागत गरेका थिए। विशेष अतिथिको रुपमा संस्थाका अध्यक्ष रामचन्द्र उप्रेतीले आफ्नो मन्तव्य राखेको कार्यक्रमको सञ्चालन कनकाई क्षेत्रीय कार्यालय प्रमुख प्रकाश सुवेदीले गरेका थिए।

# नगरपालिकालाई 'अक्सिजन कन्सन्ट्रेटर' प्रदान




**काँकरभिट्टा, असार १७।** रोटरी अन्तर्राष्ट्रिय डिष्ट्रीक ३२९२ नेपाल भुटान अन्तर्गतको रोटरी क्लब अफ काँकरभिट्टाले झापाको मेचीनगर नगरपालिकालाई दुईवटा 'अक्सिजन कन्सन्ट्रेटर' प्रदान गरेको छ।

बिहीबार मेचीनगर नगरपालिकाको सभाहलमा आयोजित 'अक्सिजन कन्सन्ट्रेटर' वितरण कार्यक्रममा क्लबका सन् २०२१/२०२२ का नवनिर्वाचित अध्यक्ष रोहितकुमार बुढाथोकी निवर्तमान अध्यक्ष कृष्णकान्त (नवराज) खनियाले प्रदान गरेको 'अक्सिजन कन्सन्ट्रेटर' नगरप्रमुख विमल आचार्य, उपप्रमुख मीना पोखरेल उप्रेती, प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझाले ग्रहण गरेका छन्।

कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि समेत रहेका नगरप्रमुख आचार्यले रोटरीले कोभिडको महामारीका बखत यसको नियन्त्रण र रोकथाममा खेलेको भूमिकाका बारेमा चर्चा गर्दै रोटरीले समाजको स्वास्थ्य, शिक्षा, वातावरण, विश्वशान्ति, खानेपानी र सरसफाई, आधारभूत शिक्षा, विभिन्न रोगको उपचार तथा रोकथाम, आमा र नवजात शिशुको स्वास्थ्य उपचार, समुदायमा आधारित लगायत आर्थिक विकासका क्षेत्रमा रोटरीले गरेको कामको समेत नगरप्रमुख आचार्यले चर्चा गरे।

कार्यक्रमको अध्यक्षता गर्दै क्लवका अध्यक्ष बुढाथोकीले आम्दा मेची अस्पताल धुलाबारीमा अक्सिजन प्लान्टको निर्माण कार्य पूरा गर्ने, स्थानीय निकायहरुसँगको सहकार्यमा सामाजिक कार्यहरुमा जोड दिने, आवश्यकता अनुसारको विभिन्न स्वास्थ्य शिविर तथा अन्तरक्रिया कामहरु गर्ने, सीपमूलक तालिमहरुलाई निरन्तरता दिने, शिक्षा तथा वातावरण क्षेत्रहरुमा विभिन्न कामहरु गर्ने लगायत अन्य सामाजिक क्षेत्रमा काम गर्ने भावी योजना रहेको जानकारी गराए।


प्रेसिडेण्ट इलेक्ट सुजन प्रधानले कार्यक्रममा सहभागी सवैलाई स्वागत गर्दै औचित्यमाथि प्रकाश पारेको पब्लिक रिलेशन चियर शरद खनालले बताए। कार्यक्रमको सञ्चालन क्लवका सचिव उदयकुमार श्रेष्ठले गरेका थिए।

# ब्राउन सुगरसहित दुई जना पक्राउ

**झापा, असार १७।** कमल गाउँपालिका-३ पूर्व-पश्चिम राजमार्गको केर्खा बजारबाट लागूऔषध ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा मेचीनगर-१५ का २० बर्षीय सुवास मेचे र सोही नगरपालिका १० का २५ बर्षीय सुरज लामिछाने रहेका छन्।

टेम्पु चढी आउँदै गरेको अवस्थामा बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमक र लागूऔषध नियन्त्रण व्युरो काँकरभिट्टाबाट गएको प्रहरीको टोलीले लागूऔषध ब्राउन सुगर ८८ ग्रामसहित उनीहरुलाई पक्राउ गरेको हो।

# ‘आन्तरिक स्रोतबाट विकास निर्माण धमाधम’



विकासको दृष्टिकोणले पछि परेको गाउँपालिका हो- बाह्रदशी । अझै पनि यो गाउँपालिकामा संघ र प्रदेशबाट पर्याप्त बजेट विनियोजन नहुँदा सिमित बजेटले गाउँपालिकामा विकास निर्मणका कामलाई अघि बढाउँदै समृद्ध बाह्रदशी निर्माणमा जुटेका छन् यहाँका जनप्रतिनिधि । सिमित मात्रमा ठूला बहुवर्षीय आयोजना सञ्चालन भए पनि गाउँपालिकाको आन्तरिक स्रोतबाट विकास निर्माणका काम भइरहेका छन् यो गाउँपालिकामा । संघ र प्रदेशबाट प्राप्त बजेटलाई परिचालन गर्दै समृद्ध बाह्रदशी निर्माणमा बाह्रदशी गाउँपालिकाले अहिलेसम्म कस्ता योजना सञ्चालन गरेको छ सोही विषयमा गाउँपालिकाका वडा नम्वर ५ का वडाध्यक्ष **भुपेन्द्र कटुवाल**सँग गरिएको कुराकानीको सम्पादित अंश-

**बाह्रदशी गाउँपालिकाले बजेट कसरी कार्यान्वयन गर्दैछ ?**

- बाह्रदशी गाउँपालिकालाई संघीय मन्त्रालयबाट प्राप्त अनुदान र प्रदेशबाट आएको अनुदानलाई आधार मान्दै गाउँपालिकाले बजेट बनायो । प्रदेशबाट पहिलो र दोस्रो वर्ष थोरै रकम आएको थियो । चालू आर्थिक वर्ष २०७७/०७८ मा प्रदेशबाट बजेट आउँदा पनि आएन । संसद विकास कोषको रकम पनि फरक तरिकाले सामेल भयो । यही आएको रकमलाई समेटेर बाह्रदशी गाउँपालिकलो बजेट बनायो । गाउँपालिकाभित्र सबै क्षेत्रलाई समेटेर अझ भनौ न कृषि, भौतिक सुधार, स्वास्थ्य, शिक्षा क्षेत्रमा अलि धेरै रकम विनियोजना गर्दै हामीले काम गर्‍यौं ।

हामीले भौतिक सुधारका क्षेत्रमा धेरै काम गरेका छौं । भौतिक सुधारका क्षेत्रमा भन्ने हो भने निर्वाचित संस्था आउनुभन्दा अगाडि पैदल हिँड्न सक्ने अवस्था थिइन । तर, अहिले सबैले घर-घरमा साइकल मोटर, साइकल, एम्बुलेन्स लान सक्ने बाटो निर्माण गरेका छौं । ९० प्रतिशतको घर-घरमा मोटर बाटो पुगेको छ । समृद्ध बाह्रदशी निर्माणका लागि हामीले ग्रामीण क्षेत्रको विकासका लागि योजना तर्जुमा गरेर बजेट कार्यान्वयन गरिरहेका छौं ।

**बाह्रदशी वडा नं. ५ मा चाहिँ कस्ता–कस्ता विकास योजना सम्पन्न भए ?**

बाह्रदशी गाउँपालिकाको वडा नम्वर ५ अन्य वडाको तुलनामा धेरै ठूलो वडा छ । यो वडामा मात्रै साढे १७ सय घरधुरी रहेको छ । यो एक हजार सात सय ५० घरधुरीको बसोबास र सबै सडक जोड्ने हो भने एक सय १० किलोमिटर सडक मर्मतसम्भार र यसलाई ग्राभेल गर्ने काम सम्पन्न भएको छ । जसले यहाँका स्थानीय बासिन्दालाई आवत-जावतमा सहजता हुनेछ । त्यस्तै यसअघि यहाँका अधिकांश वटामा हेमपाइप मात्र थिए । तीनलाई विस्थापन गरेर अहिले हामीले वक्सकल्भर्ट निर्माण गर्ने काम गरेका छौं । वडा नम्वर ५ मा मात्रै २७/२८ वटा वक्सकल्भर्ट निर्माण गरेका छौं । अब, साना साँघुरा गल्लीका बाटाहरुमा बाहेक अन्य सडकमा हेमपाइप विस्थापित गरेका छौं ।

**कृषि क्षेत्रको विकासमा के–के काम भए ?**

- कृषिको क्षेत्रमा भन्ने हो भने कृषकालाई मकै छोडाउने मेसिन, सिँचाइका लागि मोटर वितरण गरेका छौं । मोटर वितरणका कारण वडा नम्वर ५ मा सिँचाइको समस्या हल भएको छ । हल्दिबारीको पश्चिमी क्षेत्र र बाह्रदशी ३ लाई समेटेर अन्धुवा सेक्टर सिँचाइ आयोजना सञ्चालनमा छ । यो काम अन्तिम चरणमा पुगेको छ । यो काम सम्पन्न गर्न मोटामोटी अठार करोड रुपैयाँ लागेको छ । यही वडामा मकै प्रवर्द्धन, गत वर्षसम्म प्रधानमन्त्री कृषि पकेट क्षेत्र निर्माण भयो । यो कार्यक्रम घोडामारादेखि दक्षिणमा सञ्चालित थियो । यसका लागि मोटर, वोरिङ वितरण गर्‍यौं । यही चालू वर्षमा पनि २६/२७ वटा वोरिङ र २० वटा मोटर वितरण गरेका छौं । गत वर्ष हामीले ८९ वटा मोटर कृषकलाई वितरण गरेका थियौं । त्यस्तै कृषि उत्थानका लागि स्प्रे ट्याङ्की पनि वितरण गरेका छौं । त्यस्तै बाह्रदशीमा प्रधानमन्त्री परियोजना अन्तरगत पकेटका कार्यक्रम पनि सञ्चालनमा छन् ।

**स्वास्थ्यको क्षेत्रमा के–कस्ता काम भए ?**

- स्वास्थ्यको क्षेत्रमा हेर्ने हो भने बाह्रदशी गाउँपालिकामा जम्मा तीन वटा स्वास्थ्य संस्था थिए । अहिले वडा नम्वर ५ मा गत वर्षबाट नै आधारभूत स्वास्थ्य संस्था निर्माण गरेर सञ्चालन भइसकेको छ । हामीले सबै ठाउँमा अहिले स्वास्थ्य चौकीका भवन निर्माण गरेका छौं । अहिले गाउँपालिकाको वडा नम्वर १, ३ र ७ नम्वर वडाको बत्तीस बिगे क्षेत्रमा पनि आधारभूत स्वास्थ्य चौकी निर्माण गरेका छौं । त्यहाँ जनशक्ति व्यवस्थापनका लागि हामीले अहिले अहेव, अनमी र नर्सका लागि विज्ञापन गरेका छौं । समग्रमा हेर्ने हो भने स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार लगायतका क्षेत्रमा गाउँपालिका कै धेरै ठूलो फड्को मारेको छ । बाह्रदशी गाउँपालिकामा गत वर्षसम्म गाउँघर क्लिनिकका लागि आफ्नै भवन छदै थिएनन् । गत वर्षसम्म स्वास्थ्यकर्मीले खोप लगाउन कसैको घरमा बस्नु पर्थ्यो । तर, अहिले हामीले खोप केन्द्रहरु निर्माण गरेका छौं । अहिले वडा नम्वर ५ मा एउटा खोप केन्द्र पूर्णरुपमा निर्माण भएको छ । दुई वटा निर्माणको चरणमा छन् । बाह्रदशी ५ मा मात्रै तीन वटा खोप केन्द्र थिए । हामीले अहिले चार वटा बनाएका छौं ।

**शिक्षाको क्षेत्रमा के–के गर्नुभयो ?**

- गाउँपालिकाको सबै वडामा भौतिक पक्षमा ८० प्रतिशत सुधार गरेका छौं । वडा नम्वर १ को अमृत मावि भागुडुब्बामा भवन निर्माण भएको छ । बाह्रदशी ३ को पशुपति मावि प्राविधिक शिक्षाको भवन धमाधम निर्माण भइरहेको छ । अन्य विद्यालयका लागि पनि गाउँपालिकालाई प्राप्त रकमका आधारमा भवन निर्माण भइरहेका छन् । अहिले जनज्योति विद्यालयमा भवन निर्माण भएको छ । त्यस्तै कटरडाँगी स्कूल, घोडामारा स्कूलमा पनि भवन निर्माण भएका छन् । पछिल्लो तीन वर्षको अवधिमा फूलबारी माविमा एउटा पक्की भवन निर्माण भएको छ । त्यसमा पुराण र जनतासँग केही रकम सहयोग संकलन भएको थियो । नपुग रकमलाई वडा कार्यालयको रकम र गाउँपालिकाको रकम समावेश गरेर पक्की चार कोठे भवन निर्माण भएको छ । तराई समृद्धि कार्यक्रम अन्तरगत दुई कोठे पक्की भवन भनिएको थियो त्यो रकमले अहिले चार कोठे दुई तले भवन निर्माण भइरहेको छ ।

गाउँपालिकालाई विशेष अनुदान मार्फत आएको एक करोड रुपैयाँले अहिले जनविकास निमाविलाई प्राप्त छ भने घोडामारा आधारभूत विद्यालयलाई पनि ३५ लाख रुपैयाँ प्राप्त छ । शैक्षिक सुधार अन्तर्गत तीन वटा विद्यालयहरु अमृत आधारभूत विद्यालय, जनविकास आधारभूत विद्यालय र पञ्चमणि आधारभूत विद्यालयलाई अपग्रेडिङ गरेर मावि बनाएको अवस्था छ । यसरी हर क्षेत्रमा विद्यालयको अपग्रेडिङ, हर क्षेत्रका विद्यालयको भौतिक र शैक्षिक सुधारको काम भइरहेका छन् । बाह्रदशी ३ मा पशुपति माविमा प्राविधिक शिक्षा कम्प्युटर सञ्चालनमा छ । जहाँ-जहाँ विद्यालयमा शिक्षक पुग्न सकेका छैनन् त्यहाँ वडागत रुपमा र गाउँपालिका स्तरमा निजी शिक्षक राख्ने काम भएको छ र कक्षा सञ्चालन भइरहेको छ । कोभिडका कारण हामीले बाह्रदशीको शिक्षाको विकास जुन रुपमा गर्न लागेका थियौं त्यो पूर्णरुपमा हुन सकेको छैन । तथापि बाह्रदशीको शिक्षाको विकासका लागि धेरै काम भएको छ । कोभिडको संक्रमणको अन्त्यसँगै बाह्रदशीको शिक्षाको स्तर बढ्ने अझ बढ्ने छ ।

**गाउँपालिकाभित्र अन्य विकासका काम चाहिँ के–के भएका छन् ?**

खासगरी समृद्ध बाह्रदशीका लागि पक्ष-विपक्ष नभनी अहिले सबै क्षेत्रमा धमाधम विकास निर्माणका काम गरिरहेका छौं । बाह्रदशी-५ लाई कटान र डुवानको समस्याबाट मुक्त गराउन वडा नम्वर ५ स्थित विरीङ खोलामा तीन करोड रुपैयाँभन्दा बढीको लागतमा तटवन्ध निर्माण गरेका छौं । विरीङ खोलाले हरेक वर्ष यहाँका किसानलाई दुःख दिन थालेपछि हामीले यो क्षेत्रको समस्या समाधानका लागि संविधान सभा सदस्य हरिबहादुर राजवंशी, प्रेम गिरीसहित स्थानीय जनप्रतिनिधिको अगुवाईमा जनताको तटबन्धसँग सहकार्य गर्दै खोलामा बाँध निर्माण गरेका हौं । जसका कारण यो क्षेत्रमा कटान र डुवानको समस्या हल भएर जाने भएको छ ।

त्यस्तै बाह्रदशी गाउँपालिकामा तीन वटा पक्की पुल निर्माण भएका छन् । सांसद विकास कोष र बाह्रदशी गाउँपालिकाको समपूरक कोष मार्फत सापडिग्री पुल निर्माण भएको छ । त्यसमा प्रदेशको पनि केही रकम परेको छ । यसमा झण्डै दुई करोड रुपैयाँ खर्च भएको छ । त्यस्तै कुमाई गाउँपश्चिम चौतुवारी जाने सडकखण्डमा पनि पक्की पुल निर्माण भएको छ । त्यो पनि सोही प्रकृतिको हो । यसमा पनि गाउँपालिकाले समपुरको बजेटबाट रकम विनियोजन गरेको हो । यो प्रदेशको रकम हो । यसमा पनि झण्डै दुई अढाई करोड रुपैयाँ विनियोजन गर्दै पुल निर्माण गरिएको छ । त्यस्तै वडा नम्वर ६ को दिपजन स्कूल पूर्व दक्षिणमा पनि प्रदेश र गाउँपालिकाको रकमबाट निर्माण भइरहेको छ । यो पनि दुई अढाई करोडकै पुल हो ।

ठूला केन्द्रीय योजना अन्तर्गत १ नम्वर वडामा साधुपर्ती भन्ने स्थानमा बहुवर्षीय योजना अन्तर्गत अन्धुवा खोलामा पुल निर्माणको काम शुरु भएको छ । वडा नम्वर ५ को मेचे गाउँमा अन्धुवा खोलामा पनि पक्की पुल निर्माण हुँदैछ । यो पुल निर्माणका लागि मोटामोटी पाँच करोड लागत छ । वडा नम्वर ५ मा नै धमला गाउँ उत्तर बुधवारे जोड्ने सडकको घाग्रा खोलामा तीन कारेडको लागतमा पक्की पुल निर्माण हुँदैछ । यो पनि केन्द्रीय योजना अन्तर्गत नै हो ।

**बाह्रदशीका गौरवका आयोजना के–के हुन् र तीनको अवस्था के छ ?**

- हामीले बाह्रदशी गाउँपालिकाभित्र गौरवका आयोजनामा पर्यटन र राजगढ बजारलाई स्मार्ट सिटी बनाउने योजना अघि सारेका छौं । राजगढ वजारलाई स्मार्ट सिटी बनाउन अहिलेसम्म झण्डै तीन करोड रुपैयाँ लगानी भएको छ । त्यस्तै बाह्रदशी डाँडामा पर्यटन प्रवर्द्धनका लागि भ्यू-टावर निर्माण गर्नका लागि उच्च प्राथमिकतामा राखिएको छ । यो योजना पनि बहुवर्षीय हो । यसका लागि पनि गाउँपालिकाले तीन वर्षदेखि लगानी गरिरहेको छ । यो ११ तले टावर हुनेछ । अहिलेसम्म टावरको जग उठेको छ । यसको खसे काम हुन सकेको छैन । यसको स्टमेट अनुसार काम धमाधम भइरहेको छ । यसलाई अबका दिनमा गति दिन्छौं ।

साधुपर्ती झिललाई पर्यटकीय क्षेत्र निर्माण गर्न पर्यटन मन्त्रालयबाट पाँच करोड रुपैयाँ विनियोजन भएको छ । त्यसमा पनि समपुरक कोषबाट १० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्नु पर्नेछ । त्यो काम अघि बढेको छ । भागुडुब्बामा एक करोड १० लाख रुपैयाँको लागतमा ज्येष्ठ नागरिक चौतारी निर्माण गरेका छौं । यो जिल्लाकै आधुनिक र नमूना ज्येष्ठ नागरिक चौतारी हुनेछ । त्यस्तै बाह्रदशी गाउँपालिकालाई उज्यालो बाह्रदशी बनाउने कम समेत सम्पन्न भएको छ ।

**प्रस्तुति : सुरेन्द्र भण्डारी**

# खोनपानीको धारामा लेदोसहितको पानी

**भद्रपुर, असार १७।** चन्द्रगढी खानेपानी उपभोक्ता तथा सरसफाई समिति अन्तर्गत सञ्चालित दोस्रो खानेपानी ट्यांकीबाट वितरित पानी दुषित भएको स्थानीय उपभोक्ताहरुले बताएका छन् ।

विगत एक महिनादेखि पानीबाट हप्तामा तीन-चार दिनसम्म निरन्तर माटो मिसाइएको कालो लेदोसहितको पानी धाराबाट आउने गरेको उनीहरुले बताएका हुन् । प्रथम टंकीबाट वितरीत पानीमा अहिलेसम्म कुनै समस्या नदेखिए पनि नव निर्मित ट्यांकीबाट वितरीत पानी भने खान योग्य नभएको भद्रपुर-१० स्थित शहीद चौक निवासी आम उपभोक्ताहरुको गुनासो रहेको छ ।

खानेपानीमा यस्तो समस्या देखिएपछि सम्पूर्ण उपभोक्ताहरुको माग बमोजिम पानीको नमूनासहित लिएर समितिमा गए पनि आफ्नो गुनासोसहितको मागलाई समितिले कुनै चासो नदेखाएको स्थानीय उपभोक्ता ढाकालाल अधिकारीले बताए । आफूले यस बिषयमा समिति अध्यक्षलाई व्यक्तिगत रुपमै फोनबाट पटक-पटक समस्या समाधानका लागि सम्पर्क गरे पनि यस बिषयमा अध्यक्ष समेतले नसुनेको उनको गुनासो छ ।

नवनिर्मित ट्यांकीको मेशिनमै खराबी भएका कारण समस्या आएको हुनसक्ने भन्दै समितिले तत्काल ट्यांकीलाई मर्मत गरी उपभोत्ताहरुलाई शुद्ध पानी वितरण गर्नुपर्ने अधिकारीले बताए ।

मानिसको जीवनसँग जोडिएको दुषित खानेपानी सेवनका कारण आम उपभोक्ताहरुमा विभन्न महामारीजन्य रोगहरु समेत निम्तिन सक्ने बताउँदै पानी वितरणमा तत्काल शुद्धता प्रदान गरिनु पर्ने उपभोक्ता राजन अधिकारीले बताए । स्वास्थ्यसँग जोडिएको खानेपानीलाई बेवास्ता गर्न नहुने आम स्थानीय उपभोक्ताहरुको भर्ना रहेको छ ।

यता समिति अध्यक्ष पुरुषोतम अधिकारीले भने प्राविधिकहरुको सहयोगमा समितले छिटोभन्दा छिटो निर्णय गरी शुद्धता बनाउने विषयमा आफू प्रतिबद्ध भएर लाग्ने बताए ।

तीन हजार पाँच सयभन्दा बढी उपभोक्ता रहेको समितिले चन्द्रगढी खानेपानीको पुरानो एक ट्यांकीबाट मात्र सबै उपभोक्ता समक्ष पानी पुर्‍याउन समस्य भएपछि विगत केही समयदेखि नवनिर्मित ट्यांकीबाट समेत आम उपभोक्ताहरु समक्ष पानी वितरण गरिँदै आएको छ ।


## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा



बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## कर्मचारी आवश्यकता

यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

| पद : | पद : |
|---|---|
| अपरेटिङ स्टाफ : १०/२० जना<br>योग्यता : +२ पास कम्प्युटरमा दक्ष आवश्यक कागजात CV, नागरिकताको फोटोकपी, कम्प्युटर सम्बन्धी ज्ञान भएको प्रमाणपत्र ।<br>तलब : १८,०००/- (अठार हजार रुपैयाँ) | कम्प्युटर अपरेटर : १ जना<br>योग्यता : फोटोसप, भिडियो इडिटिङ, ग्राफिक्स डिजाइन लगायत कम्प्युटरमा पूर्ण दख्खल भएको |

सरू लिम्बू : ९८०७९४३७४०
बिर्तामोड, झापा

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट् फोन झट् सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** कामको गति सुस्त हुनाले प्रतिफल पनि प्रभावित हुने देखिन्छ। आफ्नै कमजोरीले लक्ष्यमा पुग्न समय लाग्नेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** राम्रो नतिजा हात पार्न काम दोहोर्‍याउनुपर्ने हुन सक्छ। अरूको भरले मात्र आफ्ना काम पूरा नहुन सक्छन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अध्ययनका लागि आजको दिन त्यति उपलब्धिमूलक नभए पनि व्यावसायिक कर्मले गति लिनेछ। मिष्ठान्न भोजन मिल्ला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** साँझतिर रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्‍याउँदा दुःख पाइनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समयमा निर्णय लिन नसक्दा काम बिग्रन सक्छ। बेसुरको वचनले अप्ठ्यारो पार्न सक्छ। अरूको फाइदाका लागि उपयोग भइएला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला। परिवारजनको सहयोगले काम बनाउन सकिनेछ। साँझतिर चिताएका काम सम्पादन हुनेछन्।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। कुशल व्यवहार र विचारले अरूलाई आकर्षित गर्न सकिनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** सानो प्रयासले नाम, दाम र इनाम दिलाउन सक्छ। सार्वजनिक रूपमा मान-सम्मान प्राप्त हुने सम्भावना छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अध्ययनमा प्रगति हुनेछ भने अभिव्यक्तिकलामा निखारता आउनेछ। साँझतिर काम बन्नाले आम्दानीका स्रोत थपिनेछन्।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ। व्यापार-व्यवसायमा मनग्गे धन लाभ हुनेछ। कसैको सहयोग मिल्ला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** तार्किक क्षमता बढ्नेछ भने मेहनतले लक्ष्यमा पुर्‍याउन सक्छ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्न सकिनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आज लक्ष्मीको कृपा प्राप्त हुनाले मनग्गे धन लाभ हुनेछ। व्यापारमा लाभांश बढ्नाले मन उत्साहित हुनेछ।